अभियान, माघ १ २०६९

# 'चाँदी गहना निर्यातमा प्रतिस्पर्धी क्षमता बढाऊ'

पुस ३०, काठमाडौं (अस) । नेपालबाट चाँदीका गहनाको निर्यात बढाउन उद्यमीहरूले प्रतिस्पर्धी क्षमताको विकास र प्रवर्द्धनमा जोड दिनुपर्ने सरोकारवालाहरूले जोड दिएका छन् । नेपालीपना झल्किने गरी उत्पादनमा विविधता र प्रतिस्पर्धी क्षमतामा विस्तार गरेमा भारत र चीनको बजारमा चाँदीका गहना निर्यातको लागि राम्रो अवसर रहेको नेपाल उद्योग परिसङ्घका वरिष्ठ उपाध्यक्ष हरिभक्त शर्माको भनाइ छ ।

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती)ले गरेको चाँदीका गहनाको निर्यातसम्बन्धी अन्तरक्रियामा सहभागी शर्माले निकासी बढाउन भारतीय लगानीकर्तासँग सहकार्य गर्न सकिनेतर्फ समेत सुझाव दिएका थिए । विगतका वर्षहरूमा चाँदी गहनाको निर्यात निकै आशालाग्दो भए पनि पछिल्ला वर्षमा निरन्तर खस्किरहेको छ ।

सावतीले आयोजना गरेको अन्तरक्रियामा पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझाले चाँदीका गहनासम्बन्धी एक अध्ययन प्रतिवेदन प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदनअनसार विगत ३ वर्षयता नाटकीय रूपमा चाँदी गहनाको निकासी घटेको र त्यसको एउटा मुख्य कारण गैरभन्सार अवरोध रहेको उल्लेख छ । त्यसैले चाँदी गहनाको प्रवर्द्धन तथा बजारीकरणका लागि गुणस्तर तथा प्रतिस्पर्धी क्षमता विस्तारमा जोड दिनुपर्ने ओझाको भनाइ थियो । अन्तरक्रियामा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तोयानारायण ज्ञवालीले अब निकासी बढाउन आधुनिक प्रविधिको प्रयोग गरेर गहनाको उत्पादन गर्नुपर्ने सुझाव दिएका थिए ।